नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.: ०७६/७७
च.नं.: ७६

मिति २०७६।०९।१४

श्री स्थानीय तह (पत्रमा उल्लेखित) ।

**विषयः- बालबालिकाको समग्र स्थिति सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. ६९, मिति २०७६।०९।०९ को पत्र यसैसाथ संलग्न छ । सो पत्रबाट थप व्यहोरा अवगत गर्नुभई सोही बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

..................
बन्दना कर्ण
(शाखा अधिकृत)

बोधार्थ :
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखाः पत्र website मा upload गरिदिनुहुन।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(बाल संरक्षण तथा विकास शाखा)

प.सः ०७६/७७
च.नं. ६९

फोन नं : ०१-४२००१६८
फ्याक्स : ०१-४२००११६

२०७६।०९।०९

**विषयः आवश्यक समन्वय तथा सहजीकरण सम्बन्धमा।**

दर्ता नं.: २६६०
२०७६।९।१४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

नेपालले बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० सेप्टेम्वर १४ तारिखका दिन अनुमोदन गरेपश्चात बाल अधिकारको सम्मान तथा संरक्षणका लागि संवैधानिक, कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमगत रुपमा प्रतिवद्ध रहेको विदितै छ। सोहीअनुरुप विभिन्न जोखिम र हिंसाबाट पीडित तथा प्रभावित बालबालिकाहरुको अधिकार संरक्षणका लागि यस मन्त्रालयबाट विभिन्न प्रयासहरु भईरहेका छन्। तथापि, बालबालिका सम्बन्धी केही विषयहरु सडक बालबालिका, अनाथ बालबालिका, बाल यौन दुव्र्यवहार, बाल श्रम, बाल विवाह आदिको उचित सम्बोधनका लागि तीनै तहको सरकारको आपसी समन्वय, सहकार्य र सहजीकरण आवश्यक पर्दछ।

यसै सन्दर्भमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्ले संयुक्त रुपमा प्रदेश नं १, प्रदेश सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा बालबालिकाको समग्र स्थिति सम्बन्धी अन्तरक्रिया कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा आयोजना गर्न लागेकाले उक्त कार्यक्रममा पत्रसाथ संलग्न स्थानीय तहहरुबाट प्रमुख तथा उपप्रमुखज्यूहरुको सहभागिता हुने व्यवस्थाका लागि आवस्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन आदेशानुसार अनुरोध गर्दछु।

**तपसिल**

मितिः २०७६ पौष १८ गते शुक्रवार।
समयः बिहान १० बजेदेखि।
स्थानः ईस्टर्न स्टार होटेल, विराटनगर, सम्पर्क नं.०२१–४७१६२६।

कृष्ण प्रसाद भूषाल
(उपसचिव)

शा.अ. श्री बन्दनाजी
सम्बन्धित नगरपालिकाहरूलाई आवश्यक भई आए अनुसार सहभागिताका लागि अनुरोध गर्ने। साथै सोको आवश्यकताका निमित्त सहजीकरण गरिदिन सम्बन्धित जि.स.स.हरूलाई समेत अनुरोध गर्ने।
९।१४
२०७६।०९।१४

मिति २०७६।०९।१८ मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा केन्द्रीय बाल अधिकार परिषदको आयोजनामा प्रदेश नं १ मा सञ्चालन हुने बालबालिको समग्र स्थिति सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी हुने स्थानीय तहहरुः

१. विराटनगर महानगरपालिका, मोरङ
२. ईटहरी उपमहानगरपालिका, सुनसरी
३. धरान उपमहानगरपालिका, सुनसरी
४. मेचीनगर नगरपालिका, झापा,
५. बिर्तामोड नगरपालिका, झापा,
६. दमक नगरपालिका, झापा,
७. कन्काई नगरपालिका, झापा,
८. बेलवारी नगरपालिका, मोरङ,
९. लेटाङ नगरपालिका, मोरङ,
१०. पथरी शनिश्चरे नगरपालिका, मोरङ,
११. रंगेली नगरपालिका, मोरङ,
१२. रतुवामाई नगरपालिका, मोरङ,
१३. सुनवर्षि नगरपालिका, मोरङ,
१४. उर्लावारी नगरपालिका, मोरङ,
१५. सुन्दरहरैचा नगरपालिका, मोरङ
१६. ईनरुवा नगरपालिका, सुनसरी,
१७. दुहवी नगरपालिका, सुनसरी ।